कृषि तथा वन विज्ञान विश्वविद्यालय

# वन विज्ञान संकाय

## डीनको कार्यालय

हेटौडा, मकवानपुर, नेपाल फोनः ०५७-५२३२४८


चलानी नं.ः (शै.प्र.शा.) /०८१/०८२

मिति : २०८१/०५/२३

## हार्दिक अपिल

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय, रामपुर, चितवनमा विद्यार्थी बीच भएको झडपको कारण सिर्जित अवस्थाबाट यस वन विज्ञान संकायमा मिति २०८१/०५/१८ गतेदेखि भएको असहज परिस्थितिका कारण नियमित पठनपाठन अवरुद्ध हुन पुग्नुका साथै शैक्षिक सत्र २०८१/०८२ का लागि स्नातक तहमा भर्नाको लागि अनलाईन आवेदन फाराम भरेका परीक्षार्थीहरुको प्रवेश परीक्षा समेत अन्योलको स्थितिमा पुगेको छ । प्रवेश परीक्षा लगायत नियमित पठनपाठन समयमा नै नभ्याउने हो भने वन विज्ञान संकाय तथा अध्ययनरत विद्यार्थीहरुको भविष्यमा नै प्रश्न उठन सक्ने संभावना रहन्छ । यसर्थ, उक्त घटनामा घाइते हुनु भएका विद्यार्थीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस परिप्रेक्ष्यमा शान्तिपूर्ण वातावरणमा रही शैक्षिक क्रियाकलाप तथा वन विज्ञान संकायको नियमित पठनपाठन सुचारु गर्न सम्पूर्ण सरोकारवालाहरुलाई संकाय प्रशासन हार्दिक अपिल गर्दछ ।

डीन